४११

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं ज्येष्ठ १२ गते २०१० साल [संख्या ४०

## भाग १

## कानून विभागको सूचना

श्री ५ महाराजाधिराजका हजुरमा रैती दुनियाँहरूले चढाई पठाउने विन्तिपत्रहरूबारे देहायका कुरामा मौसूफका सेक्रेटरी अफिसले देहायमा लेखिएबमोजिम गर्ने निर्णय भएको छ। —

देहायका किसिमको विन्तिपत्रहरू र अरू अदालतसम्बन्धी गैन्ह विन्तिपत्रहरूसमेत विभागीय सचिवालयमा पठाइदिनुभएकोमा प्रधान न्यायालय मै चलान गरी पठाई आएको, अब पनि सोबमोजिम गर्दा विभागीय सचिवालयमा स्रेस्ता राखी चलान गरी पठाउन परी ढिलाई मात्र हुन गइरहेको हुनाले सेक्रेटरी अफिसबाटै सोझै प्रधान न्यायालयमा पठाइदिने — — — १

अदालतमा छिन्न बाँकी भई परिरहेको अथवा भिन्न अदालतहरूले छिनेका मुद्दाविषयको विन्तिपत्र — — — — — — १



५५५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै अदालतबाट निर्णय हुनुपर्ने पीर मर्काको कुनै व्यक्तिको बिन्तिपत्र — १
अदालतका हाकिम उपरको उजुरी बिन्तिपत्र — — — १
देहायमा लेखिएका किसिम किसिमको समेत सेस्ता अड्डासम्बन्धीको बिन्तिपत्रहरूजति विभागीय सचिवालयहरूमा पठाइदिने — — २
सेस्ता अड्डामा छिन्न बाँकी भई परि रहेका अथवा भिन्न भिन्न सेस्ता अड्डाहरूले छिनेका मुद्दाविषयको बिन्तिपत्र — — १
कुनै सेस्ता अड्डाबाट निर्णय हुनुपर्ने पीर मर्काको कुनै व्यक्तिको बिन्तिपत्र १
सेस्ता अड्डाका हाकिमउपरको उजुरी बिन्तिपत्र — — — १

विभागीय सेक्रेटरीहरूउपरको उजुरी बिन्तीपत्रहरू जति उसै विभागीय श्री शाही परामर्शदाताहरूछेउ पठाइदिने — — — ३
विभागीय सचिवालयका श्री शाही परामर्शदाताहरू उपरको उजुरी बिन्तिपत्रहरूको हकमा हाललाई सेक्रेटरी अफिसबाट श्री ५ महाराजाधिराज र मौसूफका शाही परामर्शदातृ मण्डलमा पेश गरी निर्णय भएबमोजिम गर्ने — ४
अन्तरीम शासन विधानको २२ दफाबमोजिम श्री ५ महाराजाधिराजका अख्तियारीबाट निकाशा हुने बिन्तिपत्रहरूको हकमा जाहेर गरी हुकुम बक्सेबमोजिम गर्नलाई यहाँ पठाउनुपर्छ, पठाइदिने — — — — ५

आज्ञाले
तिलक शंसेर,
सेक्रेटरी— कानून तथा संसदीय प्रबन्ध विभाग

## गृह न्यायविभागको सूचना

बन्दीपुरमा रहेको अदालतलाई श्री ५ सरकारतर्फ पोखरा अदालत र पोखरामा रहेको अदालतलाई श्री ३ सरकारतर्फ पोखरा अदालतको नामले सम्बोधन

५९६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।